लोक सेवा आयोग
# काठमाडौं कार्यालय
(परीक्षा शाखा)
अनामनगर, काठमाडौं
☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np

## कर्मचारी सञ्चय कोषको प्रमुख सहायक (तह-५) पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

सूचना नं. ३०७/०७९-८०, मिति २०७९।११।३०

लोक सेवा आयोग, काठमाडौ कार्यालयले सञ्चालन गर्ने कर्मचारी सञ्चय कोषको प्रशासन सेवा, तह ५, प्रमुख सहायक पदको मिति २०७९।०३।२८ गते प्रकाशित विज्ञापनमा काठमाडौ परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको लिखित परीक्षा कार्यक्रम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गर्ने गराउने गरी तपशिलको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेद्वारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

### तपशिल

**परीक्षा कार्यक्रम**

| विज्ञापन नं. | पद, सेवा र तह | पत्र | विषय | अवधि | लिखित परीक्षाको मिति र समय |
|---|---|---|---|---|---|
| २३/०७८-७९ (आ.प्र.) र ३९/०७८-७९ (खुला) | प्रमुख सहायक, प्रशासन- ५ | प्रथम | व्यवस्थापन, लेखा र कम्प्युटर सम्बन्धी (बिषयगत) | ३ घण्टा | २०७९।१२।१४ गते, दिनको २:०० बजे (संयुक्त पत्र) |
| | | द्वितीय | सेवा सम्बन्धी (बिषयगत) | ३ घण्टा | २०७९।१२।१५ गते, दिनको २:०० बजे (संयुक्त पत्र) |

**लिखित परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको रोल नं | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | १ देखि २०० सम्म | २०० | भाइब्रेन्ट इन्ष्टिच्यूट, पुतलीसडक |
| २ | २०१ देखि ४०० सम्म | २०० | प्रोफेशनल इन्गिल्ड एकेडेमी (क), (PEA) बी ब्लक, (पुरानो SEA), थापाथली |

# लोक सेवा आयोग
# काठमाडौं कार्यालय

(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


| क.सं. | उम्मेदवारहरूको रोल नं | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| ३ | ४०१ देखि ६०० सम्म | २०० | प्रोफेशनल इन्जिल्ड एकेडेमी (ख), (PEA) बी ब्लक, (पुरानो SEA), थापाथली |
| ४ | ६०१ देखि ७४१ सम्म र आ.प्र. तर्फका दरखास्त स्वीकृत भएका सवै उम्मेदवारहरु | १४१ र ५ जना | लोक सेवा आयोग, काठमाडौं कार्यालय, अनामनगर |

**द्रष्टव्य १ः-**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

३. परीक्षा भवनमा झोला, मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।

४. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।

५. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ।

**द्रष्टव्य २ः- कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

२. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

३. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ ।

४. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

५. कोभिड-१९ बाट तत्काल संक्रमित भएका परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाइल नं. ९८४१७७७६७० वा ९८४९४०९४०९ र कर्मचारी सञ्चय कोष तर्फको मोवाइल नं. ९८५१०७८९६५ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ ।

(विपिन कुमार महासेठ)
कम्प्युटर अपरेटर

(दिलिप पौडेल)
नायव सुव्वा

(चन्द्रकान्त निरौला)
उपसचिव